# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः२०७९।०८०
चलानी नं.: ४०४४
मितिः२०८०।०३।०५

**विषयः निर्णय प्रतिलिपि पठाइएको सम्बन्धमा।**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरवार, काठमाण्डौ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक।
श्रीमान् प्रमुखज्यू/श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका।
श्री वडा अध्यक्षज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री कार्यपालिका सदस्यज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका।
बनेपा नगरपालिका।
श्री ................................ शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८० जेठ २६ गते बसेको कार्यपालिका बैठकको निर्णय प्रतिलिपि यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

**कार्यार्थ**
श्री सूचना प्रविधि अधिकृत
बनेपा नगरपालिका।
- वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने।

...................
ध्रुवराज नेपाल
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

फोन नं. प्रमुख ०११-६६२०८१, एक्सचेन्ज ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, पो.ब.नं. ५०८, Email:banepamun@gmail.com, info@banepamun.gov.np

**छलफलका विषयहरू:**

१. नगर सभाको मिति निश्चित गर्ने र तयारी सम्बन्धमा,

२. नगरपालिका संघलाई सदस्यता शुल्क भुक्तानी सम्बन्धमा,

३. एकिकृत खानेपानी संचालन सम्बन्धमा,

४. बसपार्क सञ्चालनको लागि आवश्यक पूर्वाधार तयार गर्ने सम्बन्धमा,

५. Ultranet Communication Pvt. Ltd. द्वारा प्रक्रियमा रहेको ग्रामिण दुरसंचार कोष प्रयोग गरी वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरूमा इन्टरनेट जडान गर्न लाग्ने समय थप गर्ने सम्बन्धमा,

६. आ.ब. २०८०/०८१ को लागि वडागत बजेट सिलिङ तोक्ने सम्बन्धमा,

७. नक्सा संसोधनका लागि आएका निर्मित घर ३ तल्ला भित्रको १०० sq. ft. सम्म सामान्य दस्तुर लिई संशोधन गर्ने, १०० sq. ft. भन्दा बढी भएमा संसोधनको प्रक्रिया पुर्याइ संशोधन गरी आएकोलाई स्वीकृती दिने सम्बन्धमा,

८. नगरपालिकाको बहुउद्देश्यीय भवनका डिपिआर तयार गर्दा गर्नु पर्ने Soil test को लागि नपुग रकम भुक्तानी दिने सम्बन्धमा,

९. रेयुकाई आखाँ अस्पतालको लिफ्ट हाल्ने योजना सम्झौता गर्ने सम्बन्धमा,

१०. ईलाका प्रहरी कार्यालयलाई गाडी मर्मत खर्च व्यहोर्ने सम्बन्धमा,

११. नेपाल नगरपालिका संघको भवन निर्माणको लागि आर्थिक सहयोग सम्बन्धमा,

१२. नगर प्रहरीको तलबमान तोक्ने सम्बन्धमा,

१३. विविध।

**-::निर्णय::-**

१. गत बैठकको निर्णय समीक्षा गरियो ।

२. आंगल माजपोखरी टाकुरा सडक स्तरोन्नतीका लागि संझौता भई कार्यारम्भ गरिरहेको सक्सेस/सिजन जे.भी. सँग भएको संझौताको म्याद थपका लागि लेखि आएका सम्बन्धमा छलफल हुँदा उक्त संझौताको म्याद समाप्त भएका मितिले २०८० साल असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

३. बनेपा नगरपालिका वडा नं. ४ मा निर्माण गर्न प्रस्तावित बनेपा आधारभूत अस्पतालको ल.इं. स्वीकृत गरी विद्युतीय प्रक्रियाबाट बोलपत्र आहान गर्ने सम्बन्धमा छलफल हुँदा तयार भएको ल.इं. रु. १८,३१,२६,६६१।२८ स्वीकृत गरी नेपाल सरकारबाट व्यहोरीने रकमले अपुग हुने रकम नगरपालिकाले व्यहोर्ने गरी बोलपत्र आहानको प्रकिया अगाडी बढाउने निर्णय गरियो ।

४. आ.व. २०७९।०८० का लागि स्वीकृत योजना मध्ये उपभोक्ता समितिहरु मार्फत सञ्चालन हुने योजनाहरु मिति २०८० साल वैशाख मसान्तसम्म मात्र संझौता गर्ने भनि यस अगाडी निर्णय भएको भएता पनि अत्यावश्यक

बनेपा नगरपालिका नगर कार्यालय

भई वा रकमान्तर हुने कारणले जेष्ठ महिनामा समेत संझौता गर्नुपर्ने भएकाले त्यसरी भएका संझौता समेत अनुमोदन गर्ने निर्णय गरियो ।

५. उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरुका हकमा मिति २०८० साल असार १ गते उप्रान्त पेश्की उपलब्ध नगराउने ।

६. यस नगरपालिकाका चौधै वडामा सडक बत्ती राख्ने प्रयोजनका लागि खरिद गरिनु पर्ने विद्युत सामग्री खरिद प्रयोजनका लागि तयार भई पेश भएको देहाय बमोजिमको स्थानीय दररेट स्वीकृत गर्ने र आपूर्तिकर्तासँग हुने संझौतामा अनिवार्य रुपमा १३ महिनाको वारेण्टी प्रियड रहने व्यवस्था मिलाउने निर्णय गरियो ।

| S.No. | Description | Quantity | Unit | Rate | Amount | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | AC-LED Street Light 30 Watt with Sensor, wire and installation | 1400.00 | PCS | 2450 | 3430000.00 | |
| 2 | AC-LED Street Light 50 Watt with Sensor wire and installation | 100.00 | PCS | 3050 | 305000.00 | |
| 3 | AC-LED Street Light 100 Watt with Sensor, wire and installation | 100.00 | PCS | 4500 | 450000.00 | |
| 4 | Metal Stand | 1600.00 | PCS | 250 | 400000.00 | |
| | **Total** | | | | 4585000.00 | |
| | | | | **VAT 13%** | 596050.00 | |
| | | | | **Grand Total** | 5181050.00 | |

७. हाल सञ्चालनमा रहेको बनेपा आधारभूत अस्पतालमा तत्काल आवश्यक पर्ने सामग्री उपलब्ध गराउन पर्ने देखिएकाले चालु आ.व. २०७९।०८० को बाँकी अवधिका लागि रु. १,००,०००। अनुदान उपलबध गराउने ।

८. यस नगरपालिका क्षेत्रभित्र निर्माण हुने घर भवनहरु मध्ये भवन आचार संहिता अनुसारका क र ख वर्गका घर भवनहरुको अनुगमन गर्न नियुक्त परामर्शदाताले सम्पादन गर्नुपर्ने कामको मात्रा उल्लेख्य नरहेकोले आगामी आ.व. २०८०।०८१ का लागि समेत सोही परामर्शदाताको म्याद थप गरी काममा लगाउने निर्णय गरियो ।

९. यस कार्यालयका लागि विनियोजित तपसिल बमोजिमका शीर्षकमा रहेको रकम खर्च भई सकेकोले भुक्तानी दिन नसकिएका सम्बन्धमा छलफल गर्दा के कुन शीर्षकबाट बजेट व्यवस्था गर्न सकिन्छ प्रमुख प्रशासकीय अधिकृतज्यू र लेखा शाखा प्रमुखले आगामी बैठकमा पेश गर्ने ।

क) कर्मचारीहरुको पारिश्रमिक भुक्तानी,

ख) पर्व पूजा शीर्षकमा हुने खर्च भुक्तानी, र

ग) पत्रपत्रिका/विज्ञापन खर्च भुक्तानी ।

१०. यस नगरपालिकासँग सम्बन्धित तपसिल बमोजिमका कार्य आगामी आ.व. २०८०।०८१ का लागि सञ्चालन गर्न बोलपत्र/दरभाउपत्र आहानको सूचना प्रकाशित गर्ने ।

| क्र.सं. | कामको विवरण | वार्षिक अंक रु. | कैफियत |
|---|---|---|---|
| १ | बनेपा बसपार्क पार्किङ शुल्क असुली | ५,००,०००। | कर बाहेक |
| २ | बसपार्क स्थित शौचालय सञ्चालन | २३,००,०००। | कर बाहेक |
| ३ | कार्यालय सुरक्षाका लागि ६ जना सुरक्षागार्ड आपूर्ति | १४,३०,०००। | कर समेत |

बनेपा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

११. यस नगरपालिकाको भगिनी सम्बन्ध कायम रहेको मित्र राष्ट्र चिनको तिब्बत स्वशासित क्षेत्र स्थित सिगात्से नगरपालिकाको निमन्त्रणा अनुसार तहाँ आयोजना हुने Shigatse Qumolangma Cultural Tourism Festival मा भाग लिन यस नगरपालिकाका प्रमुखज्यूको नेतृत्वमा त्यस तर्फ जाने तीन सदसीय प्रतिनिधि मण्डलमा रहनु हुने प्रमुखज्यूले कार्यवाहक र प्रमुख प्रशासकीय अधिकृतज्यूले निमित्त दिएर मात्र जाने गरी जुन १६ २०२३ देखि जुन २१, २०२३ सम्मको भ्रमण कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो । साथै आतिथ्यता प्रदान गर्ने सिगात्से नगरपालिकाका पदाधिकारीहरुमा प्रदान गर्न आवश्यक पर्ने उपहार कार्यालयका तर्फबाट खरिद गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

१२. पतञ्जली योग समिति, बनेपाले अन्तराष्ट्रिय योग दिवस मनाउनका लागि सहयोग माग गरि दिएको निवेदन उपर छलफल हुँद उक्त संस्थालाई रु. ५०,०००। हजार सहयोग गर्ने निर्णय गरियो ।

१३. तामाखानी कन्स्ट्रक्सन कम्पनी प्रा.लि., बनेपा ५ ले घ वर्गको इजाजत पत्र माग गरि दिएको निवेदन उपर छलफल गर्दा उक्त फर्मलाई “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि,२०७४ बमोजिम इजाजत्रपत्र प्रदान गर्ने निर्णय गरियो ।

१४. यस नगरपालिकाका लागि नगर प्रहरी थप गरी कार्यसञ्चालन गर्न आवश्यक भएको सम्बन्धमा छलफल गर्दा विधायन समितिले नगर प्रहरी सञ्चालन सम्बन्धी कार्यविधि मस्यौदा गरी पेश भएको कार्यविधि स्वीकृत भए पछि कार्यान्वयन हुने गरी आगामी आ.व.का लागि नगर थप नगर प्रहरी नियुक्तिको प्रक्रिया अगाडी बढाउने

१५. जेसी नेपाल लेडी एकेडेमी २०२३ आयोजनाका लागि रु. १,००,०००। सहयोग गर्ने ।

१६. यस कार्यालयका अधिकृत छैठौं श्री रम्भा कायस्थ अर्वूद रोगबाट पिडित भई उपचार रहेकाले निजको उपचारका लागि रु. १,००,०००। सहयोग गर्ने निर्णय गरियो ।

१७. मृगौला रोग पिडीत श्री रामशरण पुर्कोटी, बनेपा-१० लाई उपचार खर्च बापत रु. ३०,०००। उपलब्ध गराउने ।

१८. बनेपा नगरपालिका वडा नं. ४ मा रहेको स्वास्थ्य चौकी मर्मतका क्रममा भएको खर्च रु. ६,२२,४३९।२० र वडा नं. ८ स्वास्थ्य चौकी मर्मतका क्रममा भएको खर्च रु. ३,१३,१०३।स्वास्थ्य शाखा तर्फ विनियोजित रकम मध्येको उपयुक्त शीर्षकबाट र बसपार्क स्थित पुरानो सपिङ कम्प्लेक्समा रहेको सटर मर्मत गर्दा लागेको खर्च रु. ८५,३६३।७५ उपयुक्त शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१९. बनेपा नगरपालिका वडा नं. ४ मा सञ्चालित नगर अस्पतालका लागि २ जना र वडा नं. १ मा सञ्चालित स्वास्थ्य केन्द्रका लागि १ जना कार्यालय सहयोगी आवश्यक भएकाले सम्बन्धित स्वास्थ्य संस्थाले छनौट गरी संझौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

२०. बनेपा नगर शिक्षा समितिको बैठक नियमित रुपमा बस्ने व्यवस्था मिलाउने ।

२१. बनेपा नगरपालिकाको नगर वस्ती विकास ऐन, २०७८ को दफा ४ को प्रयोजनका लागि देहाय बमोजिमको नगर स्तरीय वस्ती विकास समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क) | श्री शान्तिरत्न शाक्य, नगर प्रमुख | अध्यक्ष |
| ख) | श्री विमला सापकोटा, उपप्रमुख | सदस्य |
| ग) | श्री रामलाल दुवाल, वडाध्यक्ष, बनेपा १३, | सदस्य |
| घ) | श्री ध्रुवराज नेपाल, कानुन शाखा प्रमुख, बनेपा नगरपालिका | सदस्य |
| ङ) | श्री प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, काभ्रे | सदस्य |
| च) | श्री प्रतिनिधि, मालपोत कार्यालय, काभ्रे | सदस्य |

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

छ) श्री प्रतिनिधि, नापी कार्यालय, काभ्रे — सदस्य

ज) श्री चन्दन ह्योजु, इन्जिनियर, बनेपा नगरपालिका — सदस्य

झ) श्री विनोद हुमागाई, लेखा अधिकृत, बनेपा नगरपालिका — सदस्य

ञ) श्री मोहनलाल श्रेष्ठ, विषयगत शाखा प्रमुख, बनेपा नगरपालिका — सदस्य

ट) श्री रिता ढुङ्गाना, सर्भेक्षक, बनेपा नगरपालिका — सदस्य

ठ) श्री शिवप्रसाद हुमेगाई, प्रमुख प्रशासकीय अधिकृत, बनेपा नगरपालिका — सदस्य सचिव

साथै जग्गा विकास योजना सञ्चालनका लागि माग निवेदन आएमा सम्बन्धित वडाको वडाध्यक्ष पदेन रुपमा उल्लेखित समितिको सदस्यका रुपमा रहने छ ।

२२. श्री आमा हाउजिङ एण्ड प्रोप्रटरी डिलर प्रा.लि. मध्यपुर ठिमी, ११ ले का.प.जि. बनेपा नगरपालिका वडा नं. १३ स्थित साविक नासिका स्थान गा.वि.स. वडा नं. १ मा पर्ने जग्गामा जग्गा विकास कार्यक्रम सञ्चालन गर्न माग निवेदन गरेका सम्बन्धमा छलफल हुँदा सो प्रयोजनका लागि देहाय बमोजिमको जग्गा उपयोगिता विश्लेषण प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।

श्री मोहनलाल श्रेष्ठ, सामाजिक विकास अधिकृत, बनेपा नगरपालिका – संयोजक

श्री चन्दन ह्योजु, इन्जिनियर, बनेपा नगरपालिका – सदस्य

श्री दिपेश दुलाल, कृषि स्नातक अधिकृत, बनेपा नगरपालिका – सदस्य

श्री राजाराम दुवाल, वडा सदस्य, वडा नं. १३, बनेपा नगरपालिका – सदस्य

श्री रिता ढुङ्गाना, सर्भेक्षक, बनेपा नगरपालिका – सदस्य सचिव

प्रमुख

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३